पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० कित्ता साधारण शेयर निष्काशनको पुर्व बाँडफाँड (Pre Allotment) भई सकेको र बाँकी १५% अर्थात रु. ५६,२५,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ५६,२५,००० कित्ता साधारण शेयरको १०% अर्थात ५,६२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि बाँडफाँड भई सकेको तथा ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी ४५,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको ।

नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
Palpa Cement Industries Limited

तानसेन सिमेन्ट

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल
उद्योग रहेको स्थान : सुनुवल, आदर्स ७, नवलपरासी
फोन नं. +९७७-१४१०१६८५/+९७७-१४१०१६८६, इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

सर्वसाधारणहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति :	२०८२/११/१२ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/११/१५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/११/२६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने ।

आयोजनाको नाम	नेट प्रेजेन्ट भ्यालु (NPV)	इन्टरनल रेट अफ रिर्टन (IRR)	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि
पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	१,२९९.८७ करोड	१३.७८%	६ वर्ष ८ महिना	९ वर्ष १२ महिना

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ठ) पृष्ठ ५५ उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ — क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

लगानीकर्तोले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यामबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८२/०९/०९ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८२/०९/१३ ।

नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ रु.	१३०.१३	१३२.४९	१३५.७४	१३५.९६	१४४.२०	१५२.५६
प्रति शेयर नेटवर्थ रु. (पुर्न:मुल्यांकन कोष बाहेक)*	११४.०१	११६.३६	११९.६२	१२३.०६	१३१.३०	१३९.६६
प्रति शेयर आम्दानी रु.	१.३१	२.३४	३.२५	८.८०	८.१४	८.२६
जगेडा तथा कोषहरु (रु.हजारमा)	९०३,८४७	९७४,५५१	१,०७२,१९६	१,३४८,५३३	१,६५७,३८६	१,९७१,०७५

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण ।

१. कम्पनीको नाम : पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड (Palpa Cement Industries Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा. नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाण्डौंमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा. नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाण्डौंमा रहेको छ। यस कम्पनीको उद्योग स्थल सुनुवल, आदर्स-७, नवलपरासीमा रहेको छ र चुनढुङ्गा खानी लुम्बिनी प्रदेश पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. ७ रहबासमा रहेको छ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(क) श्री पाल्पा सिमेन्ट इण्डष्ट्रीज प्राइभेट लिमिटेड नामबाट मिति २०६६/०७/०९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा विधिवत दर्ता भई मिति २०७८/०३/२१ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा कम्पनीमा परिणत भएको हो।

(ख) क्लिंकर तथा विभिन्न प्रकारका सिमेन्ट उत्पादन गर्ने मुख्य उद्देश्य उल्लेख भई ठुला उद्योगको रुपमा यस पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड (साविक पाल्पा सिमेन्ट इण्डष्ट्रीज प्राईभेट लिमिटेड मिति २०६८/०८/२९ गते उद्योग दर्ता नं.१४२०/१२०/०६८-०६९ अनुसार उद्योग विभागमा दर्ता भएको छ। पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडको प्यान नम्बर ३०३७३४७५६ रहेको छ।

(ग) उद्योगको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

उद्योग रहेको स्थान	सुनवल, आदर्श गा.वि.स. वडा नं. ७, नवलपरासी	
उद्योगको किसिम	उत्पादनमूलक (Manufacturing)	
उत्पादन शुरु भएको मिति	सिमेन्ट : २०७७ वैशाख	
	क्लिंकर : २०७६ वैशाख	
उद्योगको कुल लागत (स्थिर सम्पत्ति)		
(आ.व.२०८१/०८२ आषाढ मसान्तको लेखापरिक्षित वित्तीय विवरण अनुसार)	रु.९,७२८,७३१,८७५ (नौ अर्ब बहत्तर करोड सतासी लाख एकतीस हजार आठ सय पचहत्तर रुपैंया मात्र)	
उद्योगको क्षमता	क्लिंकर	७,७९,९७० मे.ट.
	ओ.पि.सि. सिमेन्ट	५,१०,००० मे.ट.
	पि.पि.सि. सिमेन्ट	१,८०,००० मे.ट.
	पि.एस.सि. सिमेन्ट	१,९१,१०० मे.ट.
उद्योगको दैनिक उत्पादन क्षमता	क्लिंकर	१,८०० मे.ट.
	सिमेन्ट	२,२०० मे.ट.
उद्योगले प्रयोगमा ल्याएको प्रविधि	युरोपियन प्रविधिको Vertical Roller Mill (VRM)	
उद्योगको कुल क्षेत्रफल	१० बिघा १३ कठ्ठा १२ धुर	
खानीको कुल क्षेत्रफल	१७२ रोपनी ११ आना ३ पैसा १ दाम*	

** मिति २०८१/०७/१३ गते हदबन्दी फुकुवा निवेदन श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा दर्ता च नं.१२०० बमोजिम दर्ता गरी प्रक्रियामा रहेको ।*

(घ) संगठित संस्थाको स्वामित्वमा रहेको लुम्बिनी प्रदेश पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं.७ रहबासमा रहेको ५.८५ वर्ग कि.मि.मा फैलिएको चुनढुंगा खानीबाट उद्योगलाई आवश्यक पर्ने चुनढुंगा आपुर्ति गर्दै आईरहेको छ। संगठित संस्थाले सो चुनढुंगा खानीबाट चुनढुंगा उत्खनन् कार्य गर्नको लागि नेपाल सरकार खानी तथा भु-गर्भ विभागबाट अनुमति पत्र नं. ६/०७३/०७४, मिति २०७३/११/०४ मा अनुमति प्राप्त गरेको थियो र सो अनुमति मिति २१०३/११/०३ सम्म बाहल रहनेछ। साथै, यस पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको चुनढुङ्गा खनिज उत्खननको लागि जमिन वन क्षेत्रमा पर्ने भएकोले सो क्षेत्र उपलब्ध गराउने र सीमा क्षेत्रमा रहेका रुख बिरुवाहरु हटाउने सम्बन्धमा श्री वन विभाग र पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडका बीच मिति २०७४/०८/११ गते सम्झौता समेत भइसकेको छ।

(ङ) संगठित संस्थाले युरोपियन प्रविधिकबाट निर्मित उच्च स्तरीय Vertical Roller Mill (VRM) ग्रान्डिङ्ग र Rotary Kiln प्रयोग गरेर सिमेन्ट तथा क्लिंकर उत्पादन गर्दै आइरहेको छ।

(च) संगठित संस्थाले आ.व. २०७८/७९ देखि भारतमा सिमेन्ट निर्यात गर्ने कार्य सुरु गरेको तथा आजको मितिमा सिमेन्ट तथा क्लिंकर दुबै उत्पादित वस्तु निर्यात गर्ने कार्य गर्दै आइरहेको छ। संगठित संस्थाले भारतमा उपभोग हुने सिमेन्ट निर्यात गर्ने प्रायोजनका लागि भारतको उच्चतम गुणस्तर मापक संस्था Bureau of Indian Standards (BIS) बाट मिति ई.स. २०२२/०६/१६ मा BIS प्रमाणपत्र प्राप्त गरेको थियो।

(छ) संगठित संस्थाले शतप्रतिशत लगानी गरेर जम्मा १२ वटा सहायक कम्पनीहरु स्थापना गरेको छ।

(ज) कम्पनीले आफ्नो उद्देश्य अनुरुपको काम कारवाही अगाडी बढाउने सन्दर्भमा हालसम्म भए/गरेको सम्झौता सम्बन्धी विवरण :

क्र.सं.	सम्झौता मिति	सम्झौता गर्ने निकाय /संस्था	सम्झौताको संक्षिप्त विषय वस्तु	सम्झौता बहाल रहने अवधी
१	२०७४/०८/११	वन विभाग	चुनढुङ्गा खनिज उत्खननको लागि वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी	२०८४/०८/१०
२	२०७९/१२/२७	हिमालयन बैंक लि.	ऋण सम्बन्धी सुविधा लिनको लागि गरिएको सम्झौता	२०८२/११/२१
३	२०८०/०३/२२	नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लि.	ऋण सम्बन्धी सुविधा लिनको लागि गरिएको सम्झौता	२०८२/१०/१५
४	२०८०/०९/१८	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.	धितोपत्र निष्काशन तथा बिक्रीको लागि गरिएको सम्झौता	-
५	२०८०/०९/२९	ग्लोबल आईएमई बैंक लि.	ऋण सम्बन्धी सुविधा लिनको लागि गरिएको सम्झौता	२०८४/०८/१०
६	२०८०/११/१३	नबिल बैंक लि.	ऋण सम्बन्धी सुविधा लिनको लागि गरिएको सम्झौता	२०८२/०९/१६
७	२०८१/०९/११	सानिमा बैंक लि.	ऋण सम्बन्धी सुविधा लिनको लागि गरिएको सम्झौता	२०८२/१२/०२
८	२०८१/०१/१८	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.	धितोपत्र निष्काशन तथा बिक्रीको लागि गरिएको पुरक सम्झौता	-
९	२०८२/०४/१६	नबिल स्टक डिलर लि.	शेयर प्रत्याभूति सम्बन्धी गरिएको सम्झौता	२०८२/१०/१५

(झ) कम्पनीले नियमनकारी निकायहरुबाट हालसम्म प्राप्त गरेको स्वीकृती, अनुमति तथा इजाजत सम्बन्धी विवरण :

क्र.सं.	स्वीकृती/अनुमति/ इजाजत प्रदान गर्ने निकाय	स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु	स्वीकृती/अनुमति/ इजाजत प्राप्त मिति	बहाल रहने अवधी
१	कम्पनी रजिष्ट्रारको कार्यालय	प्रा.लि.को रुपमा कम्पनी दर्ता	वि.सं. २०६६/०७/०९	-
२	उद्योग विभाग	उद्योग दर्ता नं.१४२०/१२०/०६८-०६९ बमोजिम ठूलो उद्योगको रुपमा कार्य सञ्चालन गर्नको लागि दर्ता भएको	वि.सं. २०६८/०८/२९	-
३	आन्तरिक राजश्व विभाग	स्थायी लेखा नं. ३०३७३४७५६ दर्ता (ठूला करदाता कार्यालय)	वि.सं. २०६६/०७/२२	-
		मू.अ.कर नं. ३०३७३४७५६ दर्ता (ठूला करदाता कार्यालय)	वि.सं. २०६६/०७/२२	-
		अन्त शुल्क नं. ३०३७३४७५६ दर्ता (ठूला करदाता कार्यालय)	वि.सं. २०७६/०९/१५	-
४	खानी तथा भुगर्भ विभाग	खोज तलास कार्यको लागि अनुमतिपत्र (माथागढि गा.पा) अनुमति पत्र नं. २२/०७२/७३	वि.सं. २०७२/०५/२९	-
५	खानी तथा भुगर्भ विभाग	खानीको चुनढुङ्गा उत्खनन् कार्य (पाल्पा जिल्लाको माथागढी गा.पा. वडा नं. ७ रहबासमा) अनुमति पत्र नं. ६/०७३/७४	वि.सं. २०७३/११/०४	-
६	वन तथा भू-संरक्षण मन्त्रालय	पाल्पा जिल्लाको माथागढी गा.पा. वडा नं.७ रहबासमा चुनढुङ्गा उत्खननका लागि वन क्षेत्र भोगाधिकार	वि.सं. २०७४/०८/११	वि.सं. २०८४/०८/१०
७	कम्पनी रजिष्ट्रारको कार्यालय	पब्लिक लिमिटेडको रुपमा कम्पनी परिणत	वि.सं. २०७८/०३/२१	-
८	कम्पनी रजिष्ट्रारको कार्यालय	कारोबार गर्ने स्वीकृति प्राप्त	वि.सं. २०७८/०५/२१	-
९	उद्योग विभाग	ट्रेडमार्क प्रमाणपत्र चिन्ह - TANSEN CEMENT	वि.सं. २०७८/०९/०२	-
१०	उद्योग विभाग	ट्रेडमार्क प्रमाणपत्र चिन्ह - TANSEN CEMENT OPC	वि.सं. २०७९/१०/०५	-
११	उद्योग विभाग	ट्रेडमार्क प्रमाणपत्र चिन्ह - TANSEN CEMENT PPC	वि.सं. २०७९/१०/०५	-
१२	उद्योग विभाग	ट्रेडमार्क प्रमाणपत्र चिन्ह - TANSEN CEMENT PSC	वि.सं. २०७९/१०/०५	-
१३	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (TANSEN)	वार्षिक रुपमा नविकरण भैरहने	-
१४	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (TANSEN CEMENT OPC)	वार्षिक रुपमा नविकरण भैरहने	-
१५	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (TANSEN CEMENT PPC)	वार्षिक रुपमा नविकरण भैरहने	-
१६	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (TANSEN CEMENT PSC)	वार्षिक रुपमा नविकरण भैरहने	-
१७	अन्तराष्ट्रिय मापदण्ड संगठन	पर्यावरण व्यवस्थापन प्रणाली अनुसार ISO 14001:2015 प्राप्त	ई.सं. २०२३/०६/०१	ई.सं. २०२६/०५/३१
१८	अन्तराष्ट्रिय मापदण्ड संगठन	गुणस्तर व्यवस्थापन प्रणाली अनुसार ISO 9001:2015 प्राप्त	ई.सं. २०२३/०६/०१	ई.सं. २०२६/०५/३१
१९	Bureau of Indian Standards (BIS)	IS No. 269:2015	ई.सं. २०२३/०६/१६	ई.सं. २०२६/०६/१५
२०	Bureau of Indian Standards (BIS)	IS No. 1489: Part 1: 2015	ई.सं. २०२३/०६/१६	ई.सं. २०२६/०६/१५

(ञ) कम्पनीको नियमावलीमा हाल सम्म भएको संशोधन सम्बन्धी विवरण : हाल सम्म कुनै संशोधन नभएको ।

(ट) कम्पनीको प्रबन्धपत्रमा हाल सम्म भएको संशोधन सम्बन्धी विवरण : हाल सम्म कुनै संशोधन नभएको ।

(ठ) कम्पनीको वित्तीय परिसूचक : कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period / Discounted Pay Back Period को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

क. जम्मा शुरुको लगानी

रकम (रु. करोडमा)

विवरण	रकम
आ.व.२०८१/८२ को सम्पत्ति, प्लाण्ट तथा उपकरण	७७४.४५
आ.व.२०८१/८२ को जगेडा तथा कोष	(१०७.२२)
जम्मा शुरुको लगानी	६६७.२३

रकम (रु. करोडमा)

[illegible]

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/ व्यवसायको अनुभव	अन्य क्षेत्रको अनुभव
१.	श्री राजेश कुमार अग्रवाल सानेपा, वडा नं. ०२, ललितपुर	अध्यक्ष	५६ वर्ष	नेपाली	१०,८३४,७९३	३६.१२	एस.एल.सी.	विगद १६ वर्ष देखि आर.एम.सी. सिमेन्ट प्रा.लि. को संचालकमा आबद्ध	• राजेश मेटल क्राफ्ट लि.मा सञ्चालकको रुपमा रहि कार्य गरेको २५ वर्षको अनुभव • आर.एम.सि. फुड्स प्रा.लि.मा सञ्चालक को रुपमा रहि कार्य गरेको ४ वर्षको अनुभव
२.	श्री बिष्णु कुमार अग्रवाल सानेपा, वडा नं. ०२, ललितपुर	संचालक	५३ वर्ष	नेपाली	१०,८३४,७९३	३६.१२	बी.कम.	विगद १६ वर्ष देखि आर.एम.सी. सिमेन्ट प्रा.लि. को संचालकमा आबद्ध	• राजेश मेटल क्राफ्ट लि. मा सञ्चालकको रुपमा रहि कार्य गरेको २५ वर्षको अनुभव • आर.एम.सि. फुड्स प्रा.लि.मा सञ्चालक को रुपमा रहि कार्य गरेको ४ वर्षको अनुभव
३.	श्रीमति स्वीटी कुमारी अग्रवाल सानेपा, वडा नं. ०२, ललितपुर	संचालक	४७ वर्ष	नेपाली	१,३८१,५८५	४.६१	एस.एल.सी.	-	-
४.	श्री यश अग्रवाल सानेपा, वडा नं. ०२, ललितपुर	संचालक	२६ वर्ष	नेपाली	१,३९६,६२२	४.६६	एम.एस.सी.	-	• आर.एम.सि. फुड्स प्रा.लि.मा व्यवस्थापन को रुपमा रहि कार्य गरेको ४ वर्षको अनुभव • राजेश मेटल क्राफ्ट लि.मा व्यवस्थापनको रुपमा रहि कार्य गरेको ४ वर्षको अनुभव
५.	श्री आर.एम.सी. कन्सट्रक्सन एण्ड इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट प्रियान्शी अग्रवाल	संचालक	२४ वर्ष	नेपाली	-	-	एम.एस.सी (मार्केटिङ्ग एण्ड क्रियटिभिटी)	-	-

१०. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता :

क्र.सं.	नाम	पद	योग्यता	नियुक्ति मिति	अनुभव	शेयर संख्या	अन्य कुनै संगठित संस्थामा गरेको लगानी	सूचिकृत संगठित संस्थामा आधारभुत शेयरधनी
१.	श्री अतुल डालमिया	प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७४/१२/०१	सिमेन्ट उत्पादन क्षेत्रमा ७ बर्षको अनुभव।	नभएको।	नभएको।	नभएको।
२.	श्री संजय कुमार जोशी	प्रमुख लेखा	बि.ए	२०७६/०३/०४	निम्बस ग्रुपमा लेखा सम्बन्धी १२ वर्षको कार्यानुभव।	नभएको।	नभएको।	नभएको।
३.	श्री ओम प्रकाश शाह	प्रमुख बजार व्यवस्थापन अधिकृत	बि.कम. तथा Dilpoma in International trade	२०७६/०५/२५	विभिन्न उत्पादनमुलक कम्पनीमा २५ वर्षको कार्यानुभव।	नभएको।	नभएको।	नभएको।
४.	श्री बेगम के.सी.	प्रमुख वित्तीय अधिकृत	चार्टर्ड एकाउटेन्ट	२०८१/०३/०१	जगदम्बा स्पिनिङ्ग मिल्स लिमिटेडमा ४ वर्षको कार्य अनुभव।	नभएको।	नभएको।	नभएको।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावली को नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

संस्थापक समूहबाट	५ जना
सर्वसाधारण समूहबाट	१ जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक	१ जना
जम्मा	७ जना

- सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।
- यस कम्पनीको संचालकको पदमा नियूक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त यो व्यवस्था लागु हुने छैन।
- हाल कायम रहेको संस्थापक समूहबाट सञ्चालक समितिको विवरण निम्न बमोजिम रहेको छ।

१. श्री राजेश कुमार अग्रवाल	अध्यक्ष
२. श्री विष्णु कुमार अग्रवाल	सञ्चालक
३. श्रीमती स्वीटी कुमारी अग्रवाल	सञ्चालक
४. श्री यश अग्रवाल	सञ्चालक
५. श्री आर.एम.सी कन्सट्रकसन एण्ड इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट प्रियान्शी अग्रवाल	सञ्चालक

नोट :
1. *यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ। जसमा संस्थापक समूहबाट ५ जना, सर्वसाधारण समूहबाट १ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक रहने छन्।*
2. *वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्त जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ। कुनै संचालकको कार्यकाल पुरा नहुँदै बिचमा रिक्त भई सो पदमा नियुक्ति भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ। तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि संचालक समितिले संचालक नियुक्त गर्नेछ।*
3. *संगठित संस्थाले संचालक नियुक्ति गर्दा निजको बैकल्पिक संचालक पनि नियुक्त गर्न सक्नेछ।*
4. *संचालकको निवार्चनको लागि संचालक समितिले निवार्चन निर्देशिका बनाउन सक्नेछ।*
5. *संचालकहरुले आफु मध्येबाट बहुमतले छानेको कुनै एक जना व्यक्ति संचालक समितिको अध्यक्ष हुनेछ।*

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सिमित छ । यस कम्पनीहरुको शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सिमित रहने छ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु.हजारमा)

विवरण	कम्पनी			एकिकृत		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति						
गैर चालु सम्पत्ति						
सम्पत्ति, प्लान्ट तथा उपकरण	७,५१३,४८३	७,८०६,३६३	७,७४४,४७१	७,९७२,००८	८,२७०,७३९	८,२०८,८४८
अमुर्त सम्पत्ति	६१३	२९९	-	६१३	२९९	-

[illegible]

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. संगठित संस्थाको प्रक्षेपित वित्तयि अनुपातहरु निम्न बमोजिम रहेको छ :

क्र.सं.	विवरण	प्रक्षेपित		
		आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
१	कुल आयमा औषत बृद्धिदर (प्रतिशतमा)	१२.७२%	२.८५%	४.१२%
२	कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा)	६.९५%	२.८७%	४.३४%
३	संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा)	२९.९०%	३३.१२%	३५.३५%
४	खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा)	२०५.०२%	२.५३%	१.५५%
५	आयकर व्यवस्था (प्रतिशतमा)			
	-औद्योगिक आयको लागि	१६.००%	१६.००%	१६.००%
	-अन्य आयको लागि (व्यापार र लगानी आम्दानी)	२५.००%	२५.००%	२५.००%
६	प्रति शेयर आम्दानी (रु.)	८.८०	८.१४	८.२६
७	Return on Equity	७.९३%	८.१४%	८.२६%
८	Return on Assets	३.९३%	४.२१%	४.४८%
९	खुद नाफा अनुपात (प्रतिशतमा)	६.४०%	६.३९%	६.२३%
१०	कुल नाफा अनुपात (प्रतिशतमा)	२४.९७%	२३.९४%	२३.००%
११	ऋण/इक्वीटी अनुपात	१.३४	१.२२	१.१२
१२	वर्तमान अनुपात (Current Ratio)	२.९१	३.१६	३.५६
१३	भुक्तानी प्राप्त गर्ने अवधि (Receivable Days)	४८	५१	५३
१४	भुक्तानी दिने अवधि (Payable Days)	४५	४३	४१
१५	Stock Turnover Ratios	१.५९	१.७१	१.८१
१६	Debtors Turnover Ratios	८.६९	७.४८	७.१९
१७	Cash Operating Cycle (Days)	२२६	२१९	२११

२. मुख्य अनुमानहरू :

क्र.सं.	विवरण	अंक	कैफियत
१.	ब्याज दरहरू		ऋण अवधि र प्रक्षपणको आधारमा यी दरहरू स्थिर रहने अनुमान गरिएको छ।
	दीर्घकालीन ऋण		
	आ.व. २०८१/८२ का लागि	७.८८%	
	आ.व. २०८२/८३ देखि आ.व. २०८६/८७ सम्मका लागि	७.८८%	
	स्थायी कार्यशील पूँजी ऋण	७.८४%	
	कार्यशील पूँजी ऋण	७.३४%	
२.	मुद्रास्फीति दर (आवश्यकता अनुसार)	६.९२%	वर्ष २०११ देखि २०२३ को औसतका आधारमा।
३.	आयकर दर - औद्योगिक आय	१६.००%	कर्मचारी संख्या को आधारमा कर छुट।
४.	आयकर दर - व्यापार आय	२५.००%	
५.	लाभांश वितरण कर	५.००%	

३. रिकभरी/उपज र उपभोग अनुपात (%) :

विवरण	क्लिंकर	ओ. पी. सी. सिमेन्ट	पी.पी.सी. सिमेन्ट
कच्चा पदार्थ खपत अनुपात			
क्लिंकर (इनपुट : १५० । आउटपुट : १००)			
चूनढुङ्गा	९२%		
फलाम, बक्साइट, लेटराइट	४%		
रातो माटो	४%		
कोइला (क्लिंकर उत्पादन)	१५%		
सिमेन्ट (इनपुट : १०० । आउटपुट : १००)			
क्लिंकर		९४%	८०%
जिप्सम		६%	५%
फलाइआएस (Flyash)			१५%

४. पावर खपत अनुपात (%) :

विवरण	आवश्यक इकाई
बिजुली इकाई / सिमेन्ट उत्पादन	३०/मे.ट
बिजुली इकाई / क्लिंकर उत्पादन	६०/मे.ट
पावर र उपयोगिता संरचना	
जेनेरेटर	२%
नेपाल विद्युत प्राधिकरण मार्फत बिजुली	९८%

५. लाभांश वितरण पद्धति :

लाभांशको सन्दर्भमा सार्वजनिक निष्काशन पछि कम्पनीको आफ्नो नाफा, तरलता स्थिति, नियामकिय आवश्यकता तथा दीर्घकालिन पूँजी आवश्यकताका आधारमा लाभांश वितरणका लागि व्यापक आन्तरिक मार्गदर्शन विकसित गर्नेछ। साथै, भविष्यमा लाभांश घोषणा गर्ने निर्णय पूर्ण रुपमा संचालक समितिमा निर्भर रहनेछ र सो समयमा विद्यमान परिस्थितिको आधारमा हुनेछ। कम्पनीले आफ्ना शेयरधनीहरुको पारदर्शिता र निष्पक्षता कायम राख्ने उद्देश्य राखेको छ।

६. अन्य :

क्र.सं.	विवरण	अनुमानहरु
१	कच्चा पदार्थ/इन्धनको मूल्य	वर्तमान बजार परिदृश्यहरू अनुसार।
२	कर्मचारी लागत	वार्षिक ३% दरको आधारमा बढेको छ।
३	कर्मचारी बोनस	बोनस पछि खुद नाफामा १०% को दर अनुसार।
४	संस्थागत सामाजिक उत्तरदायित्व	बोनस पछि खुद नाफामा १% को दरमा अनुसार।
५	मूल्यह्रास	SLM पद्धति अपनाइएको।
६	खर्च	
	भाडा	प्रत्येक २ वर्ष मा १०% को दर मा वृद्धि हुने।
	बिक्री, वितरण र कमिसन	प्रति बोरा ५ देखि १५ नेपाली रुपैंयाका आधारमा।
	बैंक शुल्क	२% को दरले बढेको।
	अन्य खर्च	खर्चको प्रकृति अनुसार १% देखि ६.९२% सम्मको विशेष दरमा वृद्धि भएको छ। मुद्रास्फीति दर ६.९२% रहेको छ।
७	IPO (सार्वजनिक निष्काशन) खर्च	
	बिक्री प्रबन्धक शुल्क, प्रत्याभूती, वैधानिक (Statutory) र अन्य खर्च	व्यवस्थापन अनुमान अनुसार।

क. सिमेन्ट र क्लिंकरको उत्पादन सम्बन्धी विवरण :

क्र.सं.	विवरण	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
१.	क्लिंकर (मे.ट.)	४७५,२००	५०४,९००	५३४,६००
२.	सिमेन्ट (मे.ट)	४१४,१८३	४५०,४८३	४८६,७८३
	सिमेन्ट (बोरा)	८,२८३,६६०	९,००९,६६०	९,७३५,६६०

ख. सिमेन्टको बिक्री सम्बन्धी विवरण :

क्र.सं.	विवरण	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
१.	बिक्री परिमाण (मे.ट)	४१३,०७९	४५०,४८३	४८६,७८३
२.	बिक्री परिमाण (बोरा)	८,२६१,५७३	९,००९,६६०	९,७३५,६६०
३.	औषत बिक्री मूल्य प्रति बोरा (खुद अन्तः शुल्क र भ्याट)	४५१.४५	४२८.५७	४१९.७०
४.	जम्मा बिक्री मूल्य (रु.हजारमा)	३,७२९,६९३	३,८६१,२४६	४,०८६,१०२

ग. क्लिंकरको बिक्री सम्बन्धी विवरण :

क्र.सं.	विवरण	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
१.	बिक्री परिमाण (मे.ट)	११४,२७७	११५,५३८	११२,६११
२.	औषत बिक्री मूल्य प्रति (मे.ट) (खुद अन्तः शुल्क र भ्याट)	७,४००	७,३००	७,२००
३.	बिक्री मूल्य (रु.हजारमा)	८४५,६५३	८४३,४२७	८१०,८००

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
चुक्ता पूँजी	३,०००,०००	३,०००,०००	३,०००,०००	३,७५०,०००	३,७५०,०००	३,७५०,०००
जगेडा तथा कोषहरु	९०३,८४७	९७४,५५१	१,०७२,१९६	१,३४८,५३३	१,६५७,३८६	१,९७१,०७५
जम्मा	३,९०३,८४७	३,९७४,५५१	४,०७२,१९६	५,०९८,५३३	५,४०७,३८६	५,७२१,०७५
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
जम्मा नेटवोर्थ	३,९०३,८४७	३,९७४,५५१	४,०७२,१९६	५,०९८,५३३	५,४०७,३८६	५,७२१,०७५
शेयर संख्या	३०,०००	३०,०००	३०,०००	३७,५००	३७,५००	३७,५००
खुद नाफा/(नोक्सान)	३९,२०६	७०,०५६	९७,५४६	२९७,५३१	३०५,०६८	३०९,८०४
प्रति शेयर नेटवोर्थ (रु.)	१३०.१३	१३२.४९	१३५.७४	१३५.९६	१४४.२०	१५२.५६

[illegible]

(क्रमशः पृष्ठ नं. ४ बाट)

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण:** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोबार हुने व्यवस्था मिलाइनेछ।

१७. प्रत्याभूति सम्बन्धी विवरण :

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम: धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

क्र.सं.	नाम, ठेगाना	संख्या	रकम (रु.)
१.	नबिल स्टक डिलर लिमिटेड, तिनधारा, काठमाण्डौं।	७,५००,०००	७५०,०००,०००/-

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्बा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हनु पर्नेछ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
   - ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   - घ. खरीद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा।
   - ङ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।
   - च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   - छ. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिई सकेको हुनु पर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
१५. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरीदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ। तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरीद गर्न सक्नेछ।
१६. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणात्तमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा. नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, वडा नं.१, नक्साल, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ।

ख. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिंदा उद्योग प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्त साथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/- दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ। उद्योग प्रभावित क्षेत्र बाहेकका सर्वसाधारण दरखास्तवालाले दरखास्तसाथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/- दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।

ग. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा उद्योग प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम १,००,००० कित्तासम्म साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

संगठित संस्थाले धितोपत्र निष्काशनबाट प्राप्त रकम निम्न बैंकहरुबाट लिएको स्थायी चालु कर्जा (Permanent Working Capital Loan) भूक्तानीको लागि प्रयोग गरिने छ :

सि.न.	बैंकको नाम	रकम (रु)
१.	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.	२४३,०३३,०५३/-
२.	सानिमा बैंक लि.	१३३,६६८,१७८/-
३.	हिमालयन बैंक लि.	१२१,५१६,५२६/-
४.	नबिल बैंक लि.	८१,६५९,१०६/-
५.	ग्लोबल आइएमई बैंक लि.	१७०,१२३,१३७/-
	जम्मा	७५०,०००,०००/-

२१. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः	
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np
२.	पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं र वेवसाइट : www.tansencement.com
३.	पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडको उद्योग परिसर, सुनुवल, आदर्श-७, नवलपरासी

साथै, श्री नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः	
१.	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नबिल बैंक लिमिटेड, भाटभटेनी, काठमाण्डौं	१३२०१०१७५००३६५

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री रुपेश कार्कीलाई फोन नं.०१-४५११६०४ मा सम्पर्क गर्न सकिनेछ।

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np